# राष्ट्रिय महिला आयोग ऐन, २०६३

# राष्ट्रिय महिला आयोग नियमावली, २०६५

# राष्ट्रिय महिला आयोग नियमावली, २०६५

**पारित/निर्णय मितिः-२०६५।३।१९**

राष्ट्रिय महिला आयोग ऐन, २०६३ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय महिला आयोगले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम 'राष्ट्रिय महिला आयोग नियमावली, २०६५' रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा, -

(क) 'ऐन' भन्नाले राष्ट्रिय महिला आयोग ऐन, २०६३ सम्झनु पर्छ ।

(ख) 'पीडित' भन्नाले ऐनको दफा ११ को उपदफा (२) को खण्ड (क) वा (ख) मा उल्लिखित कार्य भई सो कारणबाट पीडित भएको व्यक्ति सम्झनु पर्छ ।

(ग) 'दर्ता किताब' भन्नाले नियम ५ बमोजिमको दर्ता किताबलाई जनाउँदछ ।

३. **निवेदन दिन सक्ने :** (१) ऐनको दफा ११ को उपदफा (२) बमोजिमको विषयमा पीडित आफै वा निजको तर्फबाट कसैले आयोग समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन देहायको कुनै माध्यमबाट दिन सकिने छ :-

(क) निवेदन दिने व्यक्ति आफै आयोगसमक्ष उपस्थित भई लिखित वा मौखिक रुपमा,

(ख) हुलाक वा अन्य त्यस्तै माध्यमबाट पठाएर ,

(ग) आकाशवाणी, टेलिफ्याक्स, टेलेक्स, विद्युतीय मेल वा यस्तै लिखित रुपमा अभिलेख राख्न सकिने अन्य संचारका माध्यमबाट, र

(घ) निवेदन दिने व्यक्तिले टेलिफोनबाट मौखिक जानकारी दिएर,

(३) उपनियम (२) बमोजिम आयोग समक्ष निवेदन प्राप्त हुन आएमा आयोगको सम्बन्धित अधिकारीले सो निवेदन हेरी जाँची निवेदन अनुसूची-१ बमोजिमको ढाँचामा भएको र निवेदन दिने व्यक्ति आयोगमा उपस्थित भएकोमा निजको सहिछाप गराई दर्ता किताबमा निवेदन दर्ता गरी निवेदन दिने व्यक्तिलाई दर्ताको भरपाई दिनुपर्नेछ ।

(४) निवेदन अनुसूची-१ बमोजिमको ढाँचामा नभएकोमा वा मौखिक रुपमा वा टेलिफोन मार्फत प्राप्त भएको निवेदनको हकमा प्राप्त जानकारीको आधारमा आयोगको कर्मचारी आफैले अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन तयार गरी निवेदन दिने व्यक्ति आयोगमा तत्काल उपस्थित रहेको भए निजको सहिछाप गराई नियम ५ बमोजिमको दर्ता किताबमा निवेदन दर्ता गरी सो को भरपाई निवेदन दिने व्यक्तिलाई दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम निवेदन दिने व्यक्ति आयोगमा तत्काल उपस्थित नभएमा सोही ब्यहोरा दर्ता किताबमा कैफियत जनाई निवेदन दिने व्यक्तिलाई निवेदनमा सहिछाप गर्न आयोगमा उपस्थित हुनको लागि जानकारी गराउनु पर्नेछ । यसरी निवेदन दिने व्यक्ति आयोगमा उपस्थित भएमा निवेदन उपर निजको सहिछाप गराई राख्नु पर्नेछ ।

४. <u>जानकारीका आधारमा जाँचबुझ गर्न सकिने :</u> नियम ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि ऐनको दफा ११ को उपदफा (२) को खण्ड (क) वा (ख) मा उल्लेखित कुनै कार्य भई कुनै व्यक्ति पीडित बन्न पुगेको जानकारी आयोगलाई कुनै स्रोतबाट प्राप्त हुन आएमा सोही जानकारीको आधारमा आयोगको

सम्बन्धित अधिकारीले फाइल खडा गरी जाँचबुझको कारबाही अगाडी बढाउन सक्नेछ । त्यस्तो जानकारीलाई समेत दर्ता किताबमा दर्ता गरी राख्नु पर्नेछ ।

५. **दर्ता किताब राख्नुपर्ने :** आयोगमा यस नियमावली बमोजिमको निवेदन वा जानकारी दर्ता गरी सो उपर संक्षिप्त कारबाही समेत जनाई राख्नको लागि आयोगले अनुसूची-२ को ढाँचामा एक दर्ता किताब खडा गरी राख्नुपर्ने छ ।

६. **निवेदन दिन दस्तुर नलाग्ने :** ऐन तथा यस नियमावली बमोजिम आयोगमा दिइने निवेदनमा कुनै दस्तुर लाग्ने छैन ।

७. **निवेदन उपर प्रारम्भिक जाँचबुझ :** (१) नियम ३ बमोजिम प्राप्त निवेदन वा नियम ४ बमोजिम प्राप्त जानकारी दर्ता किताबमा दर्ता गरेपछि सचिवले प्रारम्भिक जाँचबुझको लागि आयोगले सो कामको लागि तोकेको सदस्य समक्ष यथाशीघ्र पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पेश भएको निवेदन उपर अध्ययन गर्दा प्रारम्भिक दृष्टिबाटै महिला अधिकारको प्रयोग गर्न नदिएको वा बन्चित गरेको वा कुनै हिंसा वा सामाजिक कुरितीबाट कुनै महिला पीडित भएको वा हुन सक्ने देखिएमा आयोगले जुन व्यक्ति वा निकायले त्यस्तो कार्य गरेको वा गर्न लागेको हो त्यस्तो व्यक्ति वा निकायलाई बाटोको म्याद बाहेक बढीमा सात दिनको म्याद दिई सो सम्बन्धमा आफ्नो भनाई राख्न आयोगमा उपस्थित हुन वा आवश्यक विवरण आयोग समक्ष पेश गर्न अनुसूची-३ बमोजिमको ढाँचामा आदेश दिन सक्नेछ ।

(३) ऐनको दफा ११ को उपदफा (२) को खण्ड (क) वा (ख) बमोजिम जाँचबुझ गर्ने विषय आयोगले समय समयमा निर्णय गरी तोके बमोजिम हुनेछ ।

८. **निवेदन तामेलीमा राख्न सकिने :** (१) आयोग समक्ष प्राप्त हुन आएको निवेदन वा कुनै स्रोतबाट प्राप्त हुन आएको जानकारी अध्ययन गर्दा त्यस्तो निवेदन वा जानकारीको

सम्बन्धमा देहायको अवस्था विद्यमान भएको देखिएमा आयोग वा आयोगले तोकेको सदस्यले त्यस्तो निवेदनबाट कारबाही नचलाउने गरी तामेलीमा राख्ने आदेश दिन सक्नेछ :-

(क) झुट्टा वा काल्पनिक निवेदन दिएकोमा,

(ख) ऐनको दफा ११ को उपदफा (२) बमोजिम आयोगको क्षेत्रभित्र पर्ने विषय बाहेक अन्य विषयमा निवेदन दिएकोमा,

(ग) अदालतमा विचाराधीन रहेको मुद्दाको विषयमा निवेदन दिएकोमा,

(घ) निवेदन दिने व्यक्ति वा पीडितको नाम उल्लेख नभएको र आयोगले त्यस्तो व्यक्तिसँग सम्पर्क कायमगर्न प्रयास गर्दा पनि सम्पर्क हुन नसकेमा,

(ङ) ज्यादै सामान्य विषयलाई लिएर निवेदन परेकोमा ,

(च) आयोगले एकपटक कारबाही सम्पन्न गरेको विषयमा पुनः निवेदन परेकोमा ।

तर आयोगले कारबाही नचलाउने गरी तामेलीमा राखेको निवेदनको हकमा ऐन तथा यस नियमावली बमोजिमको रीत पुर्‍याई निवेदन गर्न वाधा पुग्ने छैन ।

(२) निवेदन दिने व्यक्ति आयोग समक्ष उपस्थित भएर नियम ३ बमोजिम निवेदन दिएको भएमा वा मौखिक रुपमा वा अन्य माध्यमबाट दिएको निवेदनको व्यहोरालाई पुष्टि गर्ने गरी आयोग समक्ष उपस्थित भई निवेदनमा दस्तखत गरेकोमा त्यस्तो निवेदनलाई उपनियम (१) बमोजिम कारबाही नचलाउने गरी तामेलीमा राख्ने आदेश दिनुपूर्व आयोगले निवेदन दिने व्यक्तिलाई आफ्नो थप प्रमाण पेश गर्न वा आफ्नो भनाई आयोग समक्ष राख्ने मौका दिनेछ ।

(३) उपनियम (१) बमोजिम कुनै निवेदन उपर कारबाही नचलाई तामेलीमा राख्ने गरी आदेश दिएमा वा निवेदन दिने

विभागीय कारबाही गर्न सकिने वा नसकिने लगायत आफ्नो प्रतिक्रिया आयोगलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्रतिक्रिया प्राप्त भएमा वा सो प्राप्त हुनुपर्ने अवधि नाघेपछि सो कुरा सचिवले यथाशीघ्र आयोग समक्ष पेश गर्नेछ ।

११. **<u>सार्वजनिक सुनुवाई सम्बन्धी प्रक्रिया :</u>** (१) नियम ९ को उपनियम (६) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि सो विषयमा वा अन्य कुनै विषयमा सार्वजनिक सुनुवाई गर्न उपयुक्त हुने ठानेमा आयोगले सो विषयमा सार्वजनिक सुनुवाई गर्न सक्नेछ । यसरी सार्वजनिक सुनुवाई गर्दा पीडितको सहमति लिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम आयोगले सार्वजनिक सुनुवाई गर्दा सार्वजनिक सुनुवाई हुने मिति, समय र स्थान तोकी निवेदन दिने व्यक्ति, पीडित र निजका परिवारका सदस्य, निवेदनको विषयसँग सम्बन्धित अन्य पक्षहरु लगायत आयोगले आवश्यक ठानेका अधिकारी वा व्यक्तिलाई कम्तीमा सात दिन अगावै सो सूचना दिनुपर्नेछ ।

(३) सार्वजनिक सुनुवाई कम्तीमा एकजना सदस्यको उपस्थितिमा गरिनेछ ।

(४) सार्वजनिक सुनुवाईमा निवेदनसँग संबद्ध पक्ष, पीडित वा निजहरुका कानून व्यवसायी, महिला मानव अधिकारकर्मी वा कुनै संस्थाका प्रतिनिधि वा पत्रकारले आयोगबाट उपस्थित सदस्यको अनुमति लिएर आ-आफ्नो भनाई र जिकिर प्रस्तुत गर्न सक्नेछन् ।

(५) सार्वजनिक सुनुवाईको क्रममा निवेदन सँग संबद्ध पक्षले सो विषयमा लिखित रुपमा कुनै जानकारी पेश गर्न चाहेमा त्यस्तो जानकारी फाइल संलग्न गरी आवश्यक कारबाही गर्न सकिनेछ ।

१२. **<u>घटना घट्नबाट रोकथाम गर्न सूचना दिने :</u>** (१) कुनै स्थानमा ऐनको दफा ११ को उपदफा (२) मा उल्लिखित विषयसँग

सम्बन्धित कुनै घटना घट्न सक्ने कुराको सूचना कुनै स्रोतबाट आयोगलाई प्राप्त भएमा र सो सूचना अनुसारको घटना घट्न सक्छ भन्ने लागेमा आयोगले त्यस्तो घटना घटन नदिनका लागि आवश्यक उपाय अवलम्बन गर्न सम्बन्धित निकायमा सूचना दिनेछ ।

(२) उपनियम (१) बमोजिम सूचना प्राप्त हुन आएमा सम्बन्धित निकायले त्यस्तो घटना घट्न नदिनको लागि तुरुन्त पूर्व सावधानिका उपाय अवलम्बन गर्न वा निरोधात्मक उपाय अवलम्बन गर्नुपर्नेछ ।

१३. **मेलमिलाप गराउने :** (१) आयोगमा विचाराधीन रहेको कुनै निवेदनका सम्बन्धमा सम्बन्धित पक्षहरुले मेलमिलाप गरिपाउन संयुक्त निवेदन आयोग समक्ष दिएमा वा पक्षहरुबीच मेलमिलाप गराउँदा राहत तथा अन्य दृष्टिबाट पीडितलाई फाइदा हुने लागेमा आयोग आफैले समेत संबद्धपक्ष बिच मेलमिलाप गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम मेलमिलाप भएपछि निवेदन उपरको कारबाहीको अन्त्य भएको मानिनेछ ।

१४. **राहत, क्षतिपूर्ति वा अन्य उपचार दिलाउन निर्णय गर्ने :** (१) ऐन तथा यस नियमावली बमोजिम आयोग समक्ष पर्न आएको निवेदन वा आयोगलाई जानकारी हुन आएको विषयमा जाँचबुझ गर्दा ऐनको दफा ११ को उपदफा (२) बमोजिमको कार्य भएको देखिएमा निवेदनको विषय तथा गम्भिरताको आधारमा आयोगले उपयुक्त ठहराएको राहत, क्षतिपूर्ति वा अन्य उपचार पीडित महिलालाई त्यस्तो पीडा पुऱ्याउने व्यक्ति, संस्था वा निकायबाट उपलब्ध गराउने गरी निर्णय गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम उपलब्ध गराउने राहत, उपचार वा क्षतिपूर्तिको विवरण तथा रकम आयोगले निर्णय गर्दा स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको निवेदन उपर जाँचबुझ गर्दा ऐनको दफा ११ को उपदफा (२) बमोजिमको कार्य कुनै सरकारी अधिकारी, कर्मचारी वा निकायको त्रुटी वा लापरबाहीबाट भएको पाइएमा त्यस्तो अधिकारी वा कर्मचारीबाट क्षतिपूर्ति भराइदिने निर्णय गरी आवश्यक कारवाहीको लागि आयोगले सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ ।

(४) उपनियम (१) बमोजिम पीडा पुऱ्याउने संस्था वा निकायबाट वा उपनियम (३) बमोजिम कुनै अधिकारी वा कर्मचारी वा निकायबाट क्षतिपूर्ति भराइदिने गरी आयोगबाट निर्णय भएमा सचिवले निर्णयको प्रतिलिपि सहित क्षतिपूर्ति भराइदिनको लागि सम्बन्धित निकाय वा अधिकारीलाई लेखि पठाउनुपर्नेछ र सोको जानकारी पीडित वा निवेदकलाई समेत दिनुपर्नेछ ।

१५. **कानूनी कारबाहीको लागि पहल गर्ने :** ऐनको दफा ११ को उपदफा (२) बमोजिमका कार्य गरी दोषि ठहरिएको व्यक्तिलाई प्रचलित कानून बमोजिम सजाय हुन सक्ने भएमा त्यस्ता व्यक्ति उपर कानूनी कारबाही चलाउनको लागि आयोगले पहल गरी सोको लागि सम्बन्धित निकायमा लेखी पठाउनेछ ।

१६. **निर्देशन वा आदेश दिन सक्ने :** आयोगमा प्राप्त भएका निवेदन वा जानकारीको विषयमा जाँचबुझ गर्दा पीडितलाई स्वास्थ्य उपचार गराउनुपर्ने वा पुनर्स्थापना गराउनुपर्ने वा अन्य कुनै व्यवस्था तत्काल गर्नुपर्ने भएमा आयोगले सो को व्यवस्था गरिदिनको लागि सम्बन्धित निकायलाई निर्देशन वा आदेश दिन सक्नेछ ।

१७. **क्षतिपूर्ति निर्धारण :** (१) ऐनको दफा ११ को उपदफा (५) बमोजिम पीडित महिलालाई क्षतिपूर्ति भराइदिने गरी निर्णय गर्दा क्षतिपूर्तिको रकम निर्धारण गर्ने सम्बन्धी मापदण्ड आयोगले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

(२) उपनियम (१) बमोजिम निर्धारण गरेको मापदण्डको आधारमा कार्यको गम्भिरता र क्षतिको अवस्था अनुसार क्षतिपूर्तिको रकम आयोगले निर्धारण गरे वमोजिम हुनेछ ।

१८. **क्षतिपूर्ति रकमको भुक्तानी :** (१) ऐन तथा यस नियमावली बमोजिम आयोगबाट निर्धारण भएको क्षतिपूर्तिको रकम दोषि ठहरिएको व्यक्तिले आयोगबाट लेखी आएको तीन महिना भित्र पीडितलाई दिनुपर्नेछ र पीडितको होस ठेगानामा नभएको वा पीडितको मृत्यु भइसकेको भएमा निजमा आश्रित पति, छोराछोरी, बाबुआमा दाजुभाइ, दिदीबहिनी, नातिनातिनी मध्ये आयोगले उपयुक्त ठहर्‍याएको व्यक्तिलाई दिनुपर्नेछ ।

(२) क्षतिपूर्तिको रकम तिर्नुपर्ने व्यक्ति नेपाल सरकारको कुनै सेवामा वा नेपाल सरकारको स्वामित्व भएको संस्थान वा कुनै निकायको बहालवाला कर्मचारी भएमा त्यस्तो रकम निजको तलब वा निजले पाउने अन्य सुविधाबाट कट्टी गरी सम्बन्धित कार्यालयले पीडितलाई दिनुपर्नेछ ।

१९. **क्षतिपूर्ति रकम दिन नपर्ने :** नियम १८ मा जुनसुकै कुरा लेखिएको भएतापनि ऐनको दफा ११ को उपदफा (२) बमोजिमको कार्यबाट अन्य प्रचलित कानून बमोजिम क्षतिपूर्ति पाउने बेग्लै व्यवस्था भई सो बमोजिम क्षतिपूर्ति पाएको वा पाउन कारबाही चलाएको अवस्थामा यस नियमावली बमोजिम क्षतिपूर्ति दिइने छैन ।

२०. **अनुगमन सम्बन्धी व्यवस्था :** (१) ऐन तथा यस नियमावली बमोजिम आयोगले कुनै निकाय वा कर्मचारीलाई दिएको निर्देशन, आदेश सिफारिसको कार्यान्वयन तथा पालना भए नभएको विषयमा समय समयमा अनुगमन गर्नेछ ।

(२) उपनियम (१) बमोजिम अनुगमन गर्दा कसैले आयोगबाट दिएको आदेश निर्देशन तथा सिफारिसको कार्यान्वयन वा पालना नगरेको वा आवश्यक कारबाही नगरेको पाइएमा सम्बन्धित निकायको ध्यानाकर्षण गराई सो निकाय वा अधिकारी भन्दा माथिल्लो निकाय वा अधिकारी समक्ष आदेश

वा निर्देशन वा सिफारिसको तुरुन्त कारबाही चलाउने व्यवस्थाको लागि आयोगले लेखिपठाउन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम लेखिआएको सो विषयमा सम्बन्धित निकायले यथाशीघ्र कारबाही चलाउनु पर्नेछ ।

२१. **कोष सञ्चालन:** (१) आयोगको कोषको सञ्चालन सचिव र आयोगको लेखा हेर्ने प्रमुख कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ ।

(२) आयोगको कोषको रकम खर्च गर्दा मितव्ययिता, पारदर्शिता तथा प्रचलित कानून बमोजिमको प्रक्रिया पुऱ्याएर मात्र खर्च गर्ने दायित्व सचिवको हुनेछ ।

२२. **सचिवको काम, कर्तव्य र अधिकार :** ऐनमा तोकिएका काम कर्तव्य र अधिकारका अतिरिक्त सचिवको अन्य काम, कर्तव्य र अधिकार देहाय बमेजिम हुनेछ ।

(क) आयोगको कर्मचारी प्रशासन सम्बन्धी काम गर्ने ।

(ख) आयोगको आर्थिक प्रशासन तथा नियन्त्रणको काम गर्ने ।

(ग) आयोगको वार्षिक कार्यक्रम तथा बजेट तयार गरी स्वीकृतिको लागि आयोग समक्ष पेश गर्ने ।

(घ) आयोगका तर्फबाट तयार गर्नुपर्ने प्रतिवेदनको प्रारम्भिक मस्यौदा तयार गरी अन्तिम रुप दिन आयोग समक्ष पेश गर्ने ।

(ङ) आयोग समक्ष पेश हुन आएका निवेदन उपर आफ्नो धारणा सहित आयोग वा सम्बन्धित सदस्य समक्ष पेश गर्ने ।

(च) आयोगको काम कारबाहीमा सघाउ पुऱ्याउने ।

(छ) आयोगले सुम्पिएका काम गर्ने ।

(ज) आयोगको निर्णय तथा सिफारिस कार्यान्वयन गर्ने गराउने ।

(झ) आयोगबाट भएको निर्णय, आदेश प्रमाणित गर्ने ।

२३. **कर्मचारी सम्बन्धी व्यवस्था :** (१) सचिवको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा रही आयोगका कर्मचारीले आफ्नो कार्य सम्पादन गर्नेछन् ।

(२) ऐनको दफा १९ बमोजिम करारमा कर्मचारी नियुक्ति गर्दा त्यस्तो कर्मचारीको सेवाको शर्त र सुविधा सम्बन्धी व्यवस्था करारमा उल्लेख भए बमोजिम हुनेछ ।

(३) आयोगमा कार्यरत कर्मचारीलाई नेपाल सरकारको सहमति लिई आयोगले थप सुविधा दिनसक्नेछ ।

(४) कस्तो कस्तो पद विशेषज्ञ पद हो भन्ने सम्बन्धमा आयोग आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

२४. **मुद्दा चल्न नसक्ने :** यस नियमावली बमोजिमको निवेदनको जाँचबुझको क्रममा लिइएको बयान वा बकपत्रको विषयलाई लिएर कुनै व्यक्ति उपर कुनै अदालतमा मुद्दा चल्न सक्ने छैन ।

२५. **मुद्दा चलाउन बाधा नपर्ने :** (१) ऐन तथा यस नियमावली बमोजिम जाँचबुझ भइरहेको निवेदनको विषयमा प्रचलित कानून बमोजिम अदालतमा मुद्दा चल्न सक्ने भएमा सो विषयमा आयोगबाट जाँचबुझ भएकै कारणबाट कानून बमोजिम मुद्दा चलाउन बाधा पुग्ने छैन ।

२६. **शाखा कार्यालयबाट समेत कार्य सञ्चालन हुन सक्ने :** (१) ऐन तथा यस नियमावली बमोजिम दिइने निवेदन आयोगको शाखा कार्यालयमा समेत दिन सकिनेछ र आयोगको निर्देशनको अधीनमा रही त्यस्तो कार्यालयबाट सो निवेदन उपर आवश्यक कारबाही चलाउन सकिनेछ ।

(२) उपनियम (१) बमोजिमको शाखा कार्यालयको स्थापना नभएसम्म आयोगले उपनियम (१) को प्रयोजनका लागि सम्बन्धित जिल्ला स्थित नेपाल सरकारको कुनै अधिकृत कर्मचारीलाई वा समिति गठन गरी त्यस्तो समितिलाई आयोगको सम्पर्क अधिकृत वा समितिको रुपमा तोक्न सक्नेछ ।

२७. **निवेदन तथा मिसिल सुरक्षित राख्नुपर्ने :** ऐन तथा यस नियमावली बमोजिम आयोग समक्ष परेको निवेदन तथा सोसँग सम्बन्धित मिसिल आयोगबाट अन्तिम निर्णय भएको वा कारबाहीको टुङ्गो लागेका मितिले दुई वर्षसम्म सुरक्षित साथ राख्नुपर्नेछ ।

२८. **अन्तरिम राहत दिन सक्ने :** ऐन तथा यस नियमावली बमोजिम परेको निवेदन उपरको कारबाहीको क्रममा तत्काल केही गर्दा पीडित पक्षले राहत पाउने कुरामा आयोग विश्वस्त भएमा आयोगले कुनै निकाय, अधिकारी वा कर्मचारीलाई कुनै कार्य गर्न वा नर्गनका लागि आदेश दिन सक्नेछ ।

२९. **बचाउ :** यो नियमावली प्रारम्भ हुनु भन्दा अगाडि आयोग समक्ष परेका निवेदन तथा सो उपरको जाँचबुझ वा आयोगले आफ्नो जानकारीको आधारमा चलाएका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

# अनुसूची - १

**श्री राष्ट्रिय महिला आयोग**

**भद्रकालीप्लाजा, काठमाण्डौ**

विषय :-

................जिल्ला..................म.न.पा./उ.म.न.पा./न.पा./ गा.वि.स.वडा नं...................... बस्ने म निवेदकलाई................ जिल्ला..................म.न.पा./उ.म.न.पा./न.पा./गा.वि.स.वडा नं. बस्ने ..................ले देहायको कार्य गरी महिला अधिकारको प्रयोग गर्न नदिएको/हिंसा वा सामाजीक कुरितीबाट पीडित हुनु परेकाले राष्ट्रिय महिला आयोग ऐन २०६३ को दफा ११ को उपदफा (२) तथा राष्ट्रिय महिला आयोग नियमावली २०६५, बमोजिम यो निवेदन गरेको छु । सो उपर जाँचबुझ गरी आवश्यक कार्वाही गरी पाउँ ।

(१). महिला अधिकारको प्रयोग गर्न नदिएको वा बञ्चित गरेकोमा सो को संक्षिप्त ब्यहोराः-

(क)

(ख)

(ग)

(घ)

(२) हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएकोमा सो को संक्षिप्त ब्यहोराः-

(क)

(ख)

(ग)

(घ)

३. प्रकरण नं.१ वा २ बमोजिमको कार्य भएको मिति र स्थानः-

४. प्रकरण नं.१ वा २ बमोजिमको कार्य गर्ने व्यक्ति सार्वजनिक निकाय वा त्यस्तो निकायको

सम्बन्धित कर्मचारी भए निजको:-

(क) नाम:-

(ख) पद:-

(ग) कार्यालयको नाम:-

(घ) ठेगाना:-

५. निवेदन दिंदाको बखत पीडित रहेको स्थान र ठेगाना:-

६. निवेदनको विषयमा अन्य कुनै निकायमा समेत निवेदन दिएको भए सोको विवरण :-

७. निवेदनको विषयमा अदालतमा मुद्दा विचाराधिन रहेको वा मुद्दा चलि अन्तिम किनारा भईसकेको भएमा सोको विवरण:

८. निवेदनको व्यहोरा पुष्टि गर्ने कागज, प्रमाण, साक्षीको विवरण :-

९. निवेदनबाट माग गरेको उपचारको विवरण :-

निवेदनमा लेखिएको व्यहोरा ठिक साँचो हो । झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

**निवेदन दिने संस्था भएमा:**

संस्थाको नाम र ठेगाना :-

संस्थाको दर्ता नं. र मिति :-

निवेदन दिने व्यक्तिको पद

संस्थाको छाप :-

**निवेदकको:-**

हस्ताक्षर:-

नाम, थर:-

ठेगाना :- (क) स्थायी:

(ख) अस्थायी:

टेलिफोन/ फ्याक्स नं.

इमेल:

इति सम्वत् ........ ......साल...........महिना......गते रोज.........शुभम्

**नोट:** निवेदनमा अन्य कुराहरु थप गर्नु पर्ने भएमा छुट्टै पृष्ठ थप गरी खुलाउन सकिनेछ ।

## अनुसूची-२
## (नियम ५ सँग सम्बन्धित)
## निवेदन दर्ता किताबको ढाँचा
## राष्ट्रिय महिला आयोग
## निवेदन दर्ता किताब

आर्थिक वर्ष:

| दर्ता नं. | दर्ता मिति | निवेदकको नाम, थर र ठेगाना | पिडितको नाम, थर र ठेगाना | निवेदनको संक्षिप्त ब्यहोरा | निवेदन कुनै सरकारी वा सरकारी निकायको संस्थाको कर्मचारी वा पदाधिकारीको विरुद्धमा परेको भए निजको नाम र कार्यालय | प्रारम्भिक जाँचबुझमा आदेश भएको वा तामेलीमा राख्ने निर्णय भएकोमा सो मिति र संक्षिप्त ब्यहोरा | प्रारम्भिक जाँचबुझबाट कारवाही अगाडी बढ्ने गरी निर्णय वा आदेश भएकोमा सोको संक्षिप्त ब्यहोरा | थप जाँचबुझ वा कारवाही भएकोमा सोको संक्षिप्त ब्यहोरा | आयोगबाट भएको अन्तिम निर्णय आदेश वा सिफारिसको संक्षिप्त ब्यहोरा वा मेलमिलाप भएकोमा सोको संक्षिप्त ब्यहोरा | सम्बन्धित कर्मचारीको सही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |

## अनुसूची - ३

(नियम ७ को उपनियम (२) सँग सम्बन्धित)

**आयोगबाट जारी हुने आदेशको ढाँचा**

राष्ट्रिय महिला आयोगबाट ..........जिल्ला.................... गा.वि.स./न.पा. ........नं. वडा बस्ने श्री..........................को नाममा जारी भएको आदेश

तपाईले...........जिल्ला ..............गा.वि.स.र न.पा ........वडा नं...........टोल बस्ने श्री .......लाई निजको महिला अधिकारको प्रयोग गर्न नदिई वा बन्चित गरी वा महिला बिरुद्ध हुने हिंसा गरी पीडित बनाई राष्ट्रिय महिला आयोग ऐन २०६३ को दफा ११ को उपदफा (२) को खण्ड (क) (ख) बमोजिमको कार्य गर्नु भएको भनी......... जिल्ला ..............गा.वि.स.र न.पा ........वडा नं...........टोल बस्ने श्री .............ले यस आयोग समक्ष निवेदन दिएको वा आयोग आफैले प्राप्त गरेको जानकारीको सम्बन्धमा कारबाही हुँदा सो सम्बन्धी यथार्थ विवरण यो आदेश प्राप्त भएको........दिन भित्र पेश गर्नु होला । तोकिएको समायावधि भित्र यथार्थ विवरण पेश गर्नु भएन भने कानून बमोजिम कारबाही हुनेछ ।

आदेश प्रमाणित गर्नेको सही

नामः-

पदः-

इति सम्वत् ..............साल...........महिना......गते.....रोज.........शुभम

## अनुसुची - ४

(नियम ८ को उपनियम (३) सँग सम्बन्धित)

**उजुरी तामेलीमा राखेको सूचना**

राष्ट्रिय महिला आयोगबाट जारी भएको सूचना

श्री...........................................

..........................।

तपाईले......................जिल्ला ..................गा.वि.स.र न.पा ................वडा नं.........................टोल बस्ने श्री.............................ले ............कार्यगरी पीडित बनाएको भनि जाँचबुझको लागि मिति ..................मा दिनुभएको निवेदन उपर जाँचबुझ गर्दा देहायका अवस्था विद्यमान भई निवेदन उपर कारबाही नगरी तामेलीमा राख्ने भनी आयोगबाट मिति.. ..............मा निर्णय भएकोले राष्ट्रिय महिला आयोग नियमावली २०६५, को नियम ८ को उपनियम (३) को प्रयोजनको लागि यो सूचना दिइएको छ ।

निवेदन उपर कारबाही चलाउनु नपर्ने आधार र कारण:-

.............................................................

प्रमाणित गर्नेको दस्तखत :-

नाम :-

पद :-

इति सम्वत् ............साल..........महिना......गते.....रोज........शुभम ।

## अनुसुची - ५
(नियम ९ को उपनियम (४) सँग सम्बन्धित)

**साक्षी प्रमाण बुझ्ने आदेशको ढाँचा**

श्री राष्ट्रिय महिला आयोगबाट जारी भएको ......................जिल्ला ..............गा.वि.स.र न.पा ........वडा नं...........टोल बस्ने श्री.................नामको आदेश

........................जिल्ला ..............गा.वि.स.र न.पा/म.न.पा .............वडा नं...............................टोल बस्ने श्री.........................ले दिनुभएको..........................................विषयको निवेदन उपर जाँचबुझ गर्ने क्रममा तपाईसँग...................विषयमा बुझ्नुपर्ने भएकोले मिति...............का दिन.........बजे यस आयोगमा हाजिर हुन आउनु होला ।

आदेश प्रमाणित गर्नेको सही:

नाम :-

पद :-

इति सम्वत् ..............साल...........महिना......गते.....रोज.........शुभम